सगुन सौगात मिडिया प्रा.ली.को प्रस्तुति सबैका लागि सञ्चार

# सिन्धुली सौगात

राष्ट्रिय दैनिक

sindhulisaugat.com




वर्ष १३ अंक ७१ असोज ०८ सोमबार, २०८० (Monday 25 September, 2023) पृष्ठः ४ मूल्यः रु. ५/

## अपडेट हुँदैनन् सिन्धुलीका सरकारी कार्यालयको वेभसाइट

• *सरकारी कार्यालयसंगै जिल्लाका नौवटै स्थानिय तहले वेभसाइट अद्यावधिक गर्न कञ्जुस्याइँ*

■ **सिन्धुली सौगात**

सिन्धुली- सिन्धुलीमा रहेका केन्द्र, प्रदेश र स्थानिय तह मातहतका कार्यालयले वेभसाइट अद्यावधिक 'अपडेट' नगरेको पाईएको छ । नेपाली जनताको करबाट संचालनमा रहेका सार्वजनिक कार्यालयले आम्दानि, खर्च, बजेट तथा कार्यक्रम, योजना, परियोजना, कार्यालयको निर्णय, ऐन कानुन तथा कार्यविधी, सार्वजनिक खरिद तथा बोलपत्रका सूचना लगायत सार्वजनिक तथ्यांक वेभसाइटमा अद्यावधिक नगरेका हुन् ।

सार्वजनिक कार्यालयबाट प्रवाह हुने सेवा, प्रगति प्रतिवेदन लगायत महत्वपुर्ण जानकारी नागरिकसम्म पुऱ्याउने सबैभन्दा भरपर्दो, सजिलो र छिटो माध्यम वेभसाइट हो । तर, सिन्धुलीका सरकारी कार्यालयको वेभसाईट प्रयोगविहिन भएको छ । जिल्लाको प्रशासकीय अगुवाको भूमिकामा रहेको जिल्ला प्रशासन कार्यालयलेनै वेभसाइट व्यवस्थापनलाई चुस्त बनाउन सकिरहेको छैन । अन्य सरकारी कार्यालय भन्दा जिल्ला प्रशासन कार्यालय सिन्धुलीले वेभसाइटबाट सूचना प्रवाह गरेपनि जिल्लामा रहेका कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण र सम्पर्क नम्बर अद्यावधिक नगर्दा सरुवा भइसकेका कर्मचारीले दुःख पाएको एक कार्यालयका पुर्व प्रमुखले बताए ।

जिल्लामा रहेका जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, प्रादेशिक सडक डिभिजन कार्यालय, यातायात व्यवस्था कार्यालय, कृषि ज्ञान केन्द्र लगायत अधिकांश सरकारी कार्यायको वेभसाइट अद्यावधिक गरिएको छैन । यतिसम्म कि, केहि सरकारी कार्यालयका वेभसाइटमा कार्यालय प्रमुखको फोटो र विवरण समेत पुरानै राखिएको छ ।

त्यसैगरि, सिन्धुलीका सरकारी कार्यालयसँगै जिल्लाका नौवटै स्थानिय तहले वेभसाइट अद्यावधिक गर्न कञ्जुस्याईं गरेका छन् । जिल्लाका सरकारी कार्यालय र स्थानिय तहले जानीजानीनै वेभसाइटमा मासिक प्रतिवेदन, आय/व्यय लगायत कार्यालयको कामकार्वाही सार्वजनिक गर्न नखोजेको तीनपाटन गाउँपालिका ४ का अनिल कार्कीले आरोप लगाउनुभयो । "सार्वजनिक कार्यालयले सहजै उपलब्ध गराउन सक्ने सूचनानै वेभसाईटमा नराखेपछि उनीहरुको कामकार्वाहीप्रति कस्ले औँला ठडाउने ?", उहाँले प्रश्न गर्नुभयो ।

जिल्लाका कुनैपनि स्थानिय तहले मासिक प्रगति प्रतिवेदन वेभसाइटमा 'अपलोड' गर्ने गरेका छैनन् । जिल्लाका अधिकांश सरकारी कार्यालय तथा स्थानीयले विभिन्न प्रतिवेदन, विद्युतीय सुशासन र सूचना तथा जानकारीमूलक विवरण उल्लेख गरेका छैनन् । प्रत्येक सरकारी कार्यालयमा आ-आफ्नै वेवसाइट छन् । त्यस्ता अनलाइनहरुबाट आम नागरिकलाई सूचना प्रदान गर्नेपर्ने सरकारी मान्यता छ । आफुले गरेका काम कारवाहीको सूचना नागरिकलाई दिनु कार्यालयको कर्तव्य भए पनि अहिले धेरै जस्तो कार्यालयका अनलाइन बन्द भएका छन् भने कतिका वर्षौं सम्मपनि अपडेट भएका छैनन् ।

जिल्लाको सुनकोशी गाउँपालिकाले गत सालको पुष महिनादेखिकै मासिक प्रगति प्रतिवेदन वेभसाइटमा सार्वजनिक गरेको छैन । सुनकोशीले आर्थिक वर्ष २०७४/०४५ देखि गाउँपालिकाको आम्दानी र खर्चको वार्षिक प्रतिवेदन अपलोड नगरेको अवस्था छ । त्यस्तै, तीनपाटन गाउँपालिकाले मासिक प्रतिवेदन अपलोड नगरेकै भ्रण्डै छ महिना हुन लागिसकेको छ । सुनकोशी र तीनपाटन गाउँपालिकामात्रै नभएर जिल्लाका नौँवटै स्थानिय तहले वित्तिय तथा सेवासुविधाको जानकारी वेभसाइटमा प्रविष्ट गरेका छैनन् । काठमाडौंमा बसेर स्नातक पढ्दै गर्नुभएका सिन्धुलीको सुनकोशी गाउँपालिका २ का सन्तोष थापाले स्थानिय तहले सार्वजनिक खरिद तथा बोलपत्रका सूचना लगायत आय/व्यय वेभसाइटमा प्रविष्ट नगर्दा शंका व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "मैले तिरेको करको सदुपयोग भयो कि भएन भनेर काठमाडौं बसेर मैले कहाँबाट हेर्ने ?" एक रुपैँयाको खर्चपनि सरकारी कार्यालयले सार्वजनिक गर्नुपर्ने भन्दै उहाँले स्थानिय तहलाई पारदर्शि बन्न सुझाव दिनुभयो ।

कार्यालयको कामकार्वाही अपडेट गर्ने लक्ष्यका साथ स्थानीय तह र सरकारी कार्यालयमा सूचना अधिकारी, सूचना प्रविधि अधिकृत लगायतको व्यवस्था गरिएतापनि उनीहरुनै आफ्नो कार्यालयबाट भइरहेको कामकार्वाहीप्रति अनवज्ञि हुने गरेको जिल्ला पत्रकार महासंघ सिन्धुलीका अध्यक्ष कृष्णहरि घिमिरेले बताउनुभयो । सार्वजनिक कार्यालयलाई पारदर्शी, सेवामूलक र जानकारीमूलक बनाउन वेभसाइट गतिलो माध्यम रहेको घिमिरेको भनाई छ ।

## सिन्धुलीमा क्षयरोगका विरामी बढ्दै, तीन बर्षमा १७ जनाको ज्यान गयो

■ **सिन्धुली सौगात**

सिन्धुली, - पछिल्लो समय सिन्धुलीमा क्षयरोग (टिबी) का विरामीहरू बढ्दै गएका छन् । विगत तीन बर्षको तथ्यांक हेर्ने हो भने सिन्धुलीमा बर्सेनि क्षयरोग लागेका विरामी र मृत्यु भएकाको संख्या बढ्दै गएको पाईन्छ । स्वास्थ्य कार्यालय सिन्धुलीको तथ्यांक अनुसार तीन बर्षमा १७ जनाले क्षयरोग लागेर ज्यान गुमाएका छन् ।

समयमा उपचार नगराउने, खानपानमा ध्यान नदिने, मानिसमा चेतनाको कमी हुनु र पूरा समय औषधि सेवन नगर्नाले मृत्यु दर र रोगीको संख्यामा वृद्धि भइरहेको हो । सिन्धुलीमा आर्थिक बर्ष २०७७/०७८ मा २ सय २२ जना क्षयरोगका विरामी थिए भने ७ जनाको क्षयरोगका कारण मृत्यु भएको थियो । आर्थिक बर्ष २०७८/७९ त्यो संख्या बढेर ३ सय ७४ जनामा क्षयरोग देखिएको र ८ जनाले क्षयरोगका कारण ज्यान गुमाएका स्वास्थ्य कार्यालय सिन्धुलीले जनाएको छ ।

आर्थिक बर्ष २०७९/०८० मा ३ सय ७८ जना क्षयरोग विरामी रहेका स्वास्थ्य कार्यालय सिन्धुलीका क्षयरोग शाखा प्रमुख पुष्पराज पन्तले बताउनुभयो । क्षयरोग देखिएका ३ सय ७८ जना मध्ये २ जनाको मृत्यु भएको उहाँको भनाई छ । कमलामाई नगरपालिकामा १ जना र हरिहरपुरगढी गाउँपालिकामा १ जना गरी दुई जनाको क्षयरोग कारण मृत्यु भएको उहाँले बताउनुभयो । "सिन्धुलीमा बर्षेनी क्षयरोगका विरामीहरु बढ्दै गएको पाइएको छ । मृत्यु हुने दर पनि बढ्दै गएको छ । आर्थिक बर्ष २०७९/०८० मा ३ सय ७८ जना क्षयरोग विरामी छन् । त्यस मध्ये कति विरामीको रोग निको भए कति जनाले ज्यान गुमाए भन्ने तथ्यांक संकलनको काम भईरहेको छ" उहाँले भन्नुभयो ।

आर्थिक बर्ष २०७९/०८० मा क्षयरोग देखिएका विरामीहरुको अवस्था पत्ता लगाउन अहिले जिल्लाका सबै पालिकाहरुबाट विवरण निकाल्ने काम भइरहेको उहाँले बताउनुभयो । असोज मसान्त सम्म गएको आर्थिक बर्षमा देखिएका क्षयरोग विरामी मध्ये कति जनाको रोग निको भयो र कति जनाको मृत्यु भयो भन्ने वास्तविक तथ्यांक निस्कने उहाँको भनाई छ । अहिले सिन्धुलीको नौं वटा पालिका मध्ये सबैभन्दा बढी कमलामाई नगरपालिकामा एक सय १४ जना क्षयरोगका विरामी रहेका उहाँले बताउनुभयो । त्यस पछि मरिण गाउँपालिकामा ७९ जना, दुधौली नगरपालिकामा ६७ जना, हरिहरपुरगढी गाउँपालिकामा ४५ जना, तीनपाटन गाउँपालिकामा ३२ जना, सुनकोशी गाउँपालिकामा १९ जना, फिक्कल गाउँपालिकामा १५ जना, घ्याङलेख गाउँपालिमा ११ जना **बांकी २ पेजमा**

## कमलामाई नगरपालिकाले बेरोजगार बिना धितो ऋण दिने

■ **सिन्धुली सौगात**

सिन्धुली - जिल्लाको कमलामाइ नगरपालिकाले बेरोजगार जनशक्तीलाई बिना धितो ऋण प्रबाहका गर्ने भएको छ ।

नगरपालिकाले आइतबार एक सुचना जारी गर्दै स्थानिय स्रोत, साधन, सिप र कलाको अधिकतम उपयोग गरि नगर भित्र रहेका बेरोजगार जनशक्तिलाई रोजगार सृजना गरि गरिबी निवारण गर्ने तथा बैदेशिक रोजगारीलाई दुरुत्साहन गर्दै आफ्नै देशमा श्रमको उपयोग गर्न उत्साहित गर्ने उदेश्यले आबेदन माग खुल्ला गरेको छ । ब्यबसाय गर्न चाहाने तथा ब्यबसाय गरिरहेका युवाहरुलाई बिना धितो ऋण प्रबाहका लागी आबेदन माग गरिएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्यप्रसाद दाहालद्वारा हस्ताक्षरित सुचनामा उल्लेख छ । बिना धितो ऋण लिन चाहाने २० बर्ष पूरा भइ ५० बर्ष ननाघेका युवा जनशक्तीले आबेदन दिन सकिने नगरपालिकाले जनाएको छ ।

कमलामाइ नगरपालिकाको युवा स्वरोजगार कार्यबिधी २०७८ को अनुसूची १ अनुसार तोकिएको ढाचामा सुचना प्रकाशीत भएको सात दिन भित्र आबेदन दिन नगरपालिकाले सुचना मार्फत जानकारी गराएको हो ।

आबेदन संगै नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता भए सोको प्रमाणपत्र, बिदेश गएर आएको भए पासपोर्ट र भिसाको समेत प्रतिलिपी, सीप सिकेको भए सोको प्रमाणपत्र, कुनै ब्यबसाय या फर्म दर्ता भए सोको प्रमाणपत्र, प्यान नम्बरको प्रतिलिपी र सम्बन्धित वडाको सिफारिसको कागजात पेश गर्नुपर्ने नगरपालिकाले जनाएको छ । बिना धितो ऋण प्रबाहका लागी आबेदन आउदो असोज १३ गते अर्थात (सात दिन) भित्र दिइसक्नुपर्ने उल्लेख छ ।

## नेपाल तामाङ घेदुङ सिन्धुलीको अध्यक्षमा स्याङ्तान

■ **सिन्धुली सौगात**

सिन्धुली - नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति सिन्धुलीको अध्यक्षमा सुरत स्याङ्तान(बृहत) सर्वसम्मत चयन हुनुभएको छ । शनिबारबाट सिन्धुलीमाढीमा सुरु भएको नेपाल तामाङ घेदुङ सिन्धुलीको ९ औं जिल्ला अधिवेशनले स्याङतानको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

यस्तै उपाध्यक्षमा सरस्वती लामा र फुर्वा लामा,सचिवमा राम बहादुर थिङ , सहसचिवमा बिज्ञान दोर्जे बल,कोषाध्यक्षमा बाबुलाल ब्लोन चयन हुनुभएको छ ।

सदस्यहरुमा देब बहादुर गोले,शुभद्रा घलान,बिभलमान मोक्तान,सुनमाया तामाङ,बिमला तामाङ,रुपेश मोक्तान,मेघ बहादुर तामाङधन बहादुर स्याङ्तान र बिष्णु स्याङतान गरी १५ सदस्यीय कार्यसमिति चयन भएको निवर्तमान अध्यक्ष गध्भिर सिंह मोक्तानले जानकारी दिनु भयो ।






छपाई सम्बन्धि विभिन्न सेवाहरुका लागि सगुन सौगात मिडिया प्रा.लि लाई सम्झनुहोस्।

हाम्रा सेवाहरू: अत्याधुनिक मेसिनबाट रसिद, बिल, भौचर, पम्पलेट, ब्रोसर, डायरी, लेटरप्याड, फारम, रजिष्टर, प्रमाणपत्र, क्यालेण्डर, टिसर्ट, भिजिटिंग कार्ड लगायत विद्यालयहरुकालागि आवश्यक छपाई सम्बन्धी सम्पूर्ण कार्य गुणस्तरीय एवं सुपथ मुल्यमा गरिन्छ ।

सम्पर्क ☎०४७-५२१०९५, ९८१२१८७६१९ (प्रो. सगुन रायमाझी), कनपा-५, मधुटार, सिन्धुली

सिन्धुली सौगात पत्रिका PDF मा हेर्न epaper.sindhulisaugat.com खोल्नुहोस् ।

## सम्पादकीय

### जनशक्तिको उचित परिचालन गर

सिन्धुलीबाट वैदेशिक रोजगारीमा जानेको संख्या दिनानुदिन बढ्दै गएको छ । स्वदेशमै रोजगारीको अवसर नपाएपछि जिल्लाबाट रोजगारीकालागि ठूलो संख्यामा युवाहरु विदेशिएका छन् । देश संघियतामा गएपछि स्थानिय तहले रोजगारीको सुनिश्चीतता गर्ने विश्वास जिल्लावासीले लिएपनि त्यस अनुसारको काम हुन सकिरहेको छैन । देशभरीबाट वैदेशिक रोजगारीमा जानेको संख्यामा सिन्धुलीपनि प्रमुख जिल्लामा पर्दछ । कृषि, साना उद्योग तथा निर्माण क्षेत्रमा श्रमशक्तिको अभाव रहेपनि विदेशिनेको संख्या बढिरहेको छ । गाउँमा जनशक्तिको अभाव र वैदेशिक रोजगारीमा युवाको ठूलो संख्या देख्दा जनशक्ति व्यवस्थापनमा स्थानिय तहले खासै प्राथमिकता दिन सकिरहेको छैन ।

तत्कालै वैदेशिक रोजगारीलाई विस्थापन गर्ने अर्को विकल्प नभएपनि तत्काल रोजागारी सिर्जना गरेर थोरै भएपनि जनशक्ति पलायनलाई रोक्न सकिन्छ । स्थानिय तहले जनशक्ति व्यवस्थापनमा ध्यान दिन सके प्राकृतिक श्रोत, साधनको उपयोग मात्र होइन जनशक्तिको पनि उचित परिचालन हुने थियो । जस्ले जिल्लाको समग्र अर्थतन्त्रमा टेवा पुग्ने छ । एकातिर जिल्लाको विकासमा पसिना बगाउनुपर्ने युवा बिदेसिने र उसमा स्थानिय तहले कुनै लगानी नगर्ने हो भने वैदेशिक रोजगारबाट उत्पन्न सामाजिक विचलन र ती नागरिकको सामाजिक सुरक्षामा सम्बन्धित निकायले ठूलो मूल्य चुकाउनुपर्ने देखिन्छ । तसर्थ, स्थानिय तहले युवालाई विशेष प्राथमिकता दिन आवश्यक छ । अतः रोजगारीको व्यवस्था गर्न सम्बन्धित निकाय गम्भिर हुन जरुरी छ ।

## आर्थिक समाचार

### दुई खर्ब ५९ अर्बको वस्तु आयात हुँदा २६ अर्बको निर्यात

■ रासस

काठमाडौँ, - चालु आर्थिक वर्ष २०८०/८१ को सुरुवाती दुई महिनामा मुलुकले रू दुई खर्ब ५९ अर्ब ७४ करोड ९८ लाख बराबरको वस्तु आयात गर्दा निर्यात भने रू २६ अर्ब ४४ करोड ७० लाखमा खुम्चिएको छ । भन्सार विभागले सार्वजनिक गरेको भदौ मसान्तसम्मको तथ्याङ्कअनुसार दुई महिनामा मुलुकले कुल रू दुई खर्ब ८६ अर्ब १९ करोडको वैदेशिक व्यापार गर्दा रू दुई खर्ब ३३ अर्ब ३० करोड बराबर घाटा व्यहोरेको छ ।

विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षको भदौ मसान्तसम्मको तुलनामा चालु आवको सोही अवधिमा वस्तुको आयात पाँच दशमलव ६ प्रतिशत र निर्यात सात दशमलव ७९ प्रतिशतले घटेको छ । यो अवधिमा समग्र वैदेशिक व्यापारमा पाँच दशमलव ३२ प्रतिशतको गिरावट देखिएको हो ।

गत साउन र भदौ महिनामा नेपालले भारतबाट मात्र रू एक खर्ब ६० अर्ब ७५ करोड बराबरको वस्तु आयात हुँदा रू १६ अर्ब ७३ करोड बराबरको निर्यात भएको छ । अर्थात् नेपालले यो अवधिमा भारतसँग मात्र रू एक खर्ब ४४ अर्बको व्यापार घाटा व्यहोरको छ ।

त्यस्तै, चीनबाट रू ४६ अर्ब ५४ करोड ३२ लाख बराबरको वस्तु आयात हुँदा रू ५४ करोड ३३ लाख बराबरको मात्रै निर्यात भएको छ ।

गत दुई महिना अवधिको चीनसँगको व्यापार घाटा करिब रू ४६ अर्ब बराबर हो ।नेपालले गर्ने वैदेशिक व्यापारमा नाफा भएको मुलुकमा भने संयुक्त राज्य अमेरिका देखिएको छ । साउन र भदौमा अमेरिकाबाट रू दुई अर्ब २२ करोड बराबरको वस्तु आयात गर्दा रू तीन अर्ब ३६ करोड बराबरको निर्यात गरेको देखिन्छ । अमेरिकासँगको व्यापार नाफा रू एक अर्ब १४ करोड बराबर हो ।

### सिन्धुलीमा...

र गोलन्जोर गाउँपालिकामा सबै भन्दा कम ६ जना क्षयरोगका विरामी रहेका उहाँले बताउनुभयो ।

सिन्धुलीमा १५ बर्ष भन्दा माथि उमेरका मानिसलाई बढी क्षयरोग लागेको स्वास्थ्य कार्यालय सिन्धुलीको तथ्यांक छ । क्षयरोग नियन्त्रण गर्न स्वास्थ्य कार्यालय सिन्धुलीले निःशुल्क उपचार र औषधी सेवा उपलब्ध गराई रहेको उहाँले बताउनुभयो । क्षयरोग आँखाले देख्न नसकिने सूक्ष्म कीटाणुबाट हुने एक प्रकारको सरुवा रोग हो । नियमित क्षयरोगीका बिरामीले उपचार र औषधि सेवन गरेमा यो रोग ९१ प्रतिशत निको हुने स्वास्थ्यकर्मीको भनाइ छ । दुई हप्ता वा सोभन्दा बढी समयसम्म लगातार खोकी लागिरहनु क्षयरोगको मुख्य लक्षण हो । ज्वरो आउनु, खान नरुच्नु, छाती दुख्नु र खकारमा रगत देखापर्नु क्षयरोगका लक्षण रहेका छन् ।






# रैती चरित्र र दासत्वको इन्धनमा गणतन्त्र अगाडि बढाउने प्रयास

युवराज घिमिरे

नेपालको संविधान २०७२ ले आठ वर्ष पूरा गरेको दिन अर्थात असोज २ गते 'गणतन्त्र'को उच्चतम स्वरुप टुँडिखेलमा फेरि प्रस्तुत गरियो । सेनाको घेरामा राष्ट्रपति रामचन्द्र पौडेल लगायत राज्यका तीनै संवैधानिक निकायका व्यक्तिहरु उपस्थित भए सैनिक मञ्चमा । त्यसपछि शीतल निवास र विदेशमा नेपाली कूटनीतिक नियोगहरुमा पनि औपचारिक रुपमा संविधान दिवस मनाइयो ।

राजनीतिक रुपमा, ठूला नेताहरुले राजसंस्थालाई र राजा ज्ञानेन्द्रलाई गाली गरेर या राजसंस्था पुनर्स्थापनाको 'दिवास्वप्न' नदेख्न चेतावनी दिएर गणतन्त्र मनाए । अर्थात यो संविधानको दिर्घायु या सान्दर्भिकता त्यसको सफल कार्यान्वयनमा छ र 'त्यो हामी गर्छौं' भन्ने दृढता र विश्वास कुनै नेतामा देखिएन । छैन पनि । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, बाबुराम भट्टराई, उपेन्द्र यादव या गणतन्त्रका कारक आफैँ भएको दाबी गर्ने अन्य नेताहरु अझै पनि राष्ट्रपतीय पद्धति या जातीय राज्यको वकालत गरिरहेका छन् । संक्रमणकालीन न्याय र वृहत शान्ति सम्झौताको इमानदार कार्यान्वयनबिना संविधान र त्योसँग जोडिएका राजनीतिक अर्थात वर्तमान गणतन्त्रको सान्दर्भिकता रहँदैन भन्ने कुरा नेपाली जनताले बुझ्नै पर्छ। १२-बुँदेका आठभाइ भरियाले ल्याएका एजेन्डा नेपाली जनताद्वारा विधिवतरुपमा अझसम्म अनुमोदन भएका छैनन् ।

यो राजा ज्ञानेन्द्र या नेपालको वर्तमान संविधान तथा तिनका बाह्य अभिभावक र हाम्रा परिचालित नेताहरु अनि नेपाली शान्ति प्रक्रियालाई नियोजित नियत र प्रक्रियाविहीन तरिकाले प्रभावित गर्ने 'अनमिन' बीचको कुरामात्र होइन । यो नेपाली प्रवुद्ध समूहको कुरामात्र होइन । यो समग्र नेपाली जनता र नेपाल एक स्वतन्त्र, सार्वभौम तथा स्वभिमानपूर्ण मुलुकका रुपमा कसरी स्थापित हुने र त्यसको अस्तित्व कसरी सुनिश्चित गर्ने भन्नेबारे हो ।

मुलुकको शान्ति प्रक्रियाका नाममा विभिन्न पक्षबीच अविश्वास र द्वन्द्व फैलाई माओवादी लडाकुको संख्या जानाजान अत्यन्त बढाएर प्रस्तुत गर्ने इयान मार्टिन, अनि आफैले आतंकवादी बिल्ला भिराएका माओवादीसँग सहकार्य गर्ने भारतीय संस्थापनको अझै पनि आलोचना गर्न नसक्ने नेपाली सञ्चार र नागरिक समाजले नेपाली सार्वभौम सत्ताको वकालत गर्न नसकेको प्रमाण हो ।

राजतन्त्र फर्कँदैन भन्ने भाषण दोहोऱ्याएर र राजा ज्ञानेन्द्रलाई गाली गरेर गणतन्त्रको विश्वसनीयता स्थापित हुँदैन । शासकलाई जिम्मेवार ठहराउन नसक्ने दलीय कार्यकर्ता र विदेशी अनुदानमा भुक्ने बौद्धिक मर्सिनरी नेपालको भन्दा दाताको हितमा कार्यरत हुनु अस्वाभाविक होइन ।

राष्ट्रसंघमा उच्च ओहोदामा रहेका कुलचन्द्र गौतम अहिले सेवानिवृत्त भएका छन् । त्यस अर्थमा उनी अहिले पूर्णरुपमा नेपाली नागरिकको हैसियत र दायित्वमा छन् । आजसम्म नेपालको शान्ति प्रक्रियामा अनमिनको पूर्वाग्रही भूमिकासँगै अनमिन भित्र्याउन उनले गरेका दिल्ली दौडधूप र त्यसको प्रतिफलबारे उनले मुख खोलेका छैनन् । नेपाल अन्तर्राष्ट्रिय शक्तिहरुको खेल मैदान वन्दै गएको तथ्यलाई वेवास्ता गर्ने छुट कुनै सचेत नेपालीलाई हुन्छ र? आवश्यकता १२ बुँदे र त्यसका नेपाली निमित पात्रहरु,२०६२ यताका राज्य सञ्चालकहरु, शीतलनिवासमा दलीय नाचमा लागेका राष्ट्राध्यक्षहरु अनि विदेशी पूँजीमा नीति, निर्माणमा लागेका उच्च पदस्थहरुको भूमिका अनि मुलुकको वर्तमान परिस्थितिको समीक्षा र सुधारको हो । मुलुकको अर्थतन्त्र तहसनहस, सत्ता गैरजिम्मेवार र राजनीतिक अराजकता तथा दण्डहीनताको संस्कृति चुलिँदा आलोचना कसको हुनुपर्ने हो ?

यो परिस्थितिमा नागरिक तहमा रैती चरित्र हैन, सार्वभौम चरित्र र साहस देखिनु आवश्यक छ । मुलुक बचाउने अन्तिम दायित्व र निरन्तरको प्रयास नागरिकबाट मात्र अपेक्षित हुन्छ । सामाजिक सञ्जालहरुमा कतिपयले गम्भीर र आलोचनात्मक टिप्पणी र सुझाव दिएका हुन्छन् मुलुकको अवस्थालाई निकास दिने हिसाबले भने कतिपयले दलीय नेताहरुप्रति दासत्वपूर्ण समर्थन देखाउँदै आलोचनाका टिप्पणीप्रति तुच्छ भाषा प्रयोग गरेका हुन्छन् । रैती र दास भएरै नेताहरुको चरणचुम्बन गर्नु या उनीहरुलाई जवाफदेहीको घेरामा ल्याउने प्रयासको विरोध गर्नु नै गणतन्त्र हो र ?

धर्म निरपेक्षता र गणतन्त्रमा नागरिक, परिवार, जाति तथा समूहको दायित्व के? राज्य, नागरिक र धर्मबीचको अन्तरसम्बन्धको आधार के ? के राज्यको ढुकुटी शून्य र नेताहरु भ्रष्टाचारमा लिप्त हुँदा पनि कारबाही नहुनु गणतन्त्र हो? हिजो हड्ताल र माओवादी आन्दोलनमा खासगरी सरकारी स्कुलका शिक्षक मारी विद्यार्थीको भविष्य अन्धकारमा धकेल्ने समूह आज शासक छन । ती मध्ये केही नेता स्कुलमा हड्ताल हुनु हुँदैन भन्न थालेका छन् । तर मुक्तिनाथ अधिकारीका हत्यारालाई कार्वाही गर्न चाहँदैनन् । गणतन्त्रको यो अपराधबाट शासकलाई जवाफदेही बनाउने मागबारे गणतन्त्र किन मौन ?प्रचण्डले पहिले प्रधानमन्त्रीकालमा जसरी सेनाका प्रमुखलाई फेर्ने साहस गरेका छैनन् यसपल्ट तर माओवादीबाट शान्ति प्रक्रियामा अर्थात सेनामा समायोजन भएका यमबहादुर अधिकारी उनका प्रिय पात्र भएको र उनलाई कानुनभन्दा बाहिरबाट फाइदा पुऱ्याउनुपर्छ भन्ने प्रचण्डको सन्देश छ । सैनिक नेतृत्वले प्रतिरोध गरेको छैन, कटुवाललाई जसरी ।

यदि ०६३ यताको शासनमा नेपाली हित र राष्ट्रियता तथा राष्ट्रिय स्वार्थ बोकेका एजेन्डाले प्रधानता पाएको भए आज मुलुकमा यो अवस्था आउने थियो र ? त्यसैले सचेत नागरिकहरुले सामाजिक सञ्जालबाटै भएपनि मुलुकको वर्तमान स्थितिलाई वस्तुनिष्ठ तरिकाले चिरफार गरी त्यसको जिम्मेवारी दोषी पात्रको काँधमा हाल्नैपर्छ ।

रैती भएर बाँच्ने नागरिक र विदेशी पैसा र एजेन्डालाई प्रमुखता दिने सञ्चार तथा नागरिक समाजले एकै खालका अपराध गरिरहेको मानिनु पर्छ। वास्तवमा ती सञ्चार र नागरिक समाजलाई पनि जवाफदेहीताको घेरामा ल्याउने जिम्मा नागरिककै हुन्छ । दलीयता र दलमा संकीणर्ता हुन्छ, तर नागरिक सार्वभौमसत्ताको अखण्डित र फराकिलो प्रतिनिधि हुने गर्छ ।

त्यही नागरिक दायित्वप्रति सचेत हुँदै यदि युएनलगायत अन्तर्राष्ट्रिय दाताहरुसँग साझेदारी र सहयोगमा काम गरेका तर मुलुकको स्वार्थको अवमूल्यन उनीहरुबाट हुने गरेका तथ्यबारे जानकार नेपाली नेतृत्व समूहले पनि नेपाली जनताको आत्मनिर्णयको सामूहिक अधिकारविरुद्ध भएका कामहरुको आफैँ समीक्षा गर्नु आवश्यक छ । 'नेपाली नागरिक सक्षम छैनन्, हामी विदेशीहरुसँग उनीहरुको सहयोगमा सहकार्य गरिरहेका छौं र हाम्रो र उनीहरुको अग्रगामी विचार नै मुलुकका लागि ग्राह्य हुनु पर्छ' भन्ने सोच अलोकतान्त्रिक र मुखिया प्रवृत्तिको द्योतक हो । त्यो गणतन्त्रको सिद्धान्त र मर्मविपरीतको आचरण हो ।

प्रजातन्त्र एक प्रक्रिया हो, जहाँ जनताको निर्णय अन्तिम हुन्छ । उनीहरुलाई विधिसम्मत तरिकाबाट निर्णयको अधिकारबाट बञ्चित गर्नु लोकतन्त्रको हत्या गर्नु हो । नेतृत्वको दासत्वलाई नै प्रजातन्त्रप्रतिको प्रतिबद्धताका रुपमा सामाजिक सञ्जाल या अन्य माध्यमबाट देखाउने प्रयास 'रैतिवाद' को नमूना हो ।

अहिले भारत र क्यानडाबीचको द्वन्द्वले विश्वका प्रजातान्त्रिक मान्यतामा एउटा वहस या चर्चालाई तिब्रता दिएको छ । मुलुकभित्रै शिख पृथकतावादी आन्दोलनबाट अनेक मूल्य चुकाएर प्रजातान्त्रिक पद्धतिलाई अगाडि बढाइरहेको भारतले क्यानडाको सरकारले त्यो पृथकतावादी आन्दोलनलाई समर्थन गरेको आरोप लगाएको छ । कुनै मुलुकको आन्तरिक राजनीतिमा, त्यो पनि 'आतंकवादी' शक्तिलाई उचालेर हस्तक्षेप गरिनु, स्वीकार्य हुन सक्तैन । त्यो प्रजातन्त्र विरुद्धको षड्यन्त्र बन्न जान्छ ।

यसैबी क्यानडाले भारतमाथि क्यानडाको सरेमा एक पृथकतावादी शिख हरदीपसिंह निज्जरलाई हत्या गरेको आरोप लगाएको छ । आफ्नो सार्वभौमक्षेत्रमा आफ्नो नागरिकको हत्या भएको आरोप कम गम्भीर प्रकृतिको हुँदैन । क्यानडाले यो आरोपको पुष्टिमा के कस्तो प्रमाण जुटाउला, त्यो अर्को पक्ष हो । भारत र क्यानडाबीचको यो तिक्तताले कुन रुप लेला, त्यो एउटा पक्ष हो तर त्यसमा अन्तरनिहित दुई सिद्धान्तलाई विश्वकै मुलुकहरुले नियालिरहेका छन् । आतंकवादलाई कुनै पनि हिसाबले राजनीतिक परिवर्तनको संयन्त्र मान्न या स्वीकार्न सकिँदैन । र, कुनै पनि मुलुकले त्यसलाई कुनै पनि बहानामा स्वीकार्ने या सहयोग गर्ने अपेक्षा गरिँदैन । दोस्रो कुनै पनि मुलुकको सार्वभौम सीमामा अर्को मुलुकले अबाञ्छित उपस्थिति या गतिविधि जनाउन पाउँदैन । क्यानडा या भारत या नेपालमात्र होइन, सबै मुलुकहरुले यो मान्यतालाई सिद्धान्ततः स्वीकार गरेका छन् ।

त्यसैले यो विषयमा विश्वका कुनै पनि देशको चासो रहनेछ ।नेपालका लागि पनि यो अत्यन्त महत्वपूर्ण विषय हुने छ । आखिर आतंकवादी मानिएको माओवादीसँग सहकार्य गरी नेपालमा राजनितिक परिवर्तनको दिशा निर्देश गर्न भारतले किन अग्रणी भूमिका खेल्यो २०६२-६३ मा ? भारतले श्रीलंकामा सन १९८७ मा पृथकतावादी तथा आतंकवादी मानिएको 'तमिल इलम'सँगको सहकार्य किन रद्द गऱ्यो? र, नेपालमा माओवादीसँगको सहकार्यको किन समीक्षा गरेन? नेपालका 'अग्रगामी' यो विषयलाई उठाउन किन तयार छैनन् ?

कुनै मुलुकको सार्वभौम हैसियत र आन्तरिक मामिलामा जनताको सामूहिक आत्मानिर्भरताको अधिकार सर्वोपरि हुन्छ । संविधान निर्माणको नाममा नागरिकको संग्रहित जनमतलाई वेवास्ता, राजसंस्थाको उन्मूलनमा बेइमानी र प्रकृयाविहीनता अनि अपरिभाषित धर्म निरपेक्षतालाई जनतासामू नराखी राजालाई गाली गर्नुलाई गणतन्त्र मान्दा के लोकतन्त्र सुदृढ होला र? के त्यो गणतन्त्र अस्तित्वमा छ त व्यवहारमा? हत्याराको कैद मिनाहाले गणतन्त्र सम्मानित हुँदैन । राजालाई गाली यो अपराधको प्रायश्चित मान्न सकिँदैन ।

जवाफदेहीतावाट कुनै नेतालाई बचाएर या विदेशी चलखेल, दबाब, तथा एजेन्डालाई जनताको एजेन्डाका रुपमा प्रस्तुत गरेर यो सम्विधान बच्दैन । न त यसको सान्दर्भिकता नै स्थापित हुने छ । देशसञ्चारबाट साभार ।


### चट्याङबाट बच्ने उपाय :

- ♦ बिजुली चम्केको बेला सर्तक रहने,
- ♦ विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- ♦ बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- ♦ सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- ♦ खुल्ला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- ♦ सकभर अग्लो स्थानमा नबस्ने,
- ♦ धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**कमलामाई नगरपालिका, सिन्धुली**


## स्वास्थ्य र जीवनशैली

### मन्दिरमा घण्टी बजाउनुको धार्मिकका साथसाथै वैज्ञानिक कारण पनि

हिन्दू धर्ममा प्रत्येक धार्मिक अवसरमा अवश्य घण्टी बजाइन्छ । घण्टीको आवाज त प्रत्येक मन्दिरको पहिचान हो र प्राचीन समयदेखि नै मन्दिरमा घण्टी बजाउने परम्परा छ ।

मन्दिरमा घण्टी जडान गर्नु र बजाउनुको धार्मिकका साथसाथै वैज्ञानिक कारण पनि छ । देवीदेवताको आरती घन्टनाद विना पूरा हुँदैन । घण्टीको ध्वनिले मन, मस्तिष्क र शरीरलाई सकारात्मक ऊर्जा दिन्छ । मन्दिरमा आरती हुँदा घण्टीको आवाजले मानिसको मनमा भक्तिभाव जाग्छ ।

मन्दिरमा राखिएका सानाठूला घन्टीका आवाजले वातावरणलाई शुद्ध बनाउँछन् । घण्टीबाट निस्कने ध्वनि चमत्कारी हुन्छ । हावामा भएका सूक्ष्म कीटाणु हाम्रो स्वास्थ्यका लागि हानिकारक हुन्छन् । मन्दिरमा लगातार घन्टी बजाउँदा निस्कने ध्वनिले हानिकारक सूक्ष्म कीटाणुलाई नष्ट गरिदिन्छन् । घण्टीको आवाजले नकारात्मक ऊर्जाको असर बेकामे बनाइदिन्छ असन सकारात्मक वातावरण निर्माण गरिदिन्छ ।

घण्टीको आवाजले एकाग्रता बढाउँछ, मन शान्त हुन्छ, चिन्तन गर्ने क्षमता बढ्छ, धार्मिक विचार जन्मिन्छ र बुद्धि विकास हुन्छ ।

नियमित रूपमा आरती गर्दा र लगातार घण्टी बजाउँदा मन्दिरमा स्थापित देवीदेवताका प्रतिमा चैतन्य हुन्छन् । यी प्रतिमाको पूजा बढी प्रभावशाली र शीघ्र फलप्रदायक हुन्छ ।

पुराणहरूमा बताइएअनुसार, मन्दिरमा घण्टी बजाउँदा अनेकौं जन्मका पाप नष्ट हुन्छन् । सृष्टिको प्रारम्भ हुँदा सुनिएको आवाज त्यही घण्टीको ध्वनि हो ।

## मनोरञ्जन समाचार

### 'चुनौती मोलेर गरेको हुँ'

■ सिन्धुली सौगात

काठमाडौं, - प्रकाश सपूत गायनमा अहिलेका 'सुपरस्टार' हुनुहुन्छ। उहाँका हरेक गीतले लोकप्रियताको शिखर चुमेका छन्। उहाँका गीतमा समाज र देशको चित्र भेटिन्छ। तर, धेरै कमलाई थाहा हुन सक्छ कि उहाँको बाल्यकालदेखिको रुचि अभिनय हो। बलिउडका शाहरुख खान जस्तै हिरो बन्ने सपना बोकेर उहाँ चार भञ्ज्याङ भित्र आउनु भएको थियो। र, अब उहाँको त्यो सपना फिल्म 'परदेशी २'बाट पूरा हुँदैन।

दशैंको छेको पारेर यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको कथा प्रकाशमै केन्द्रित छ। जसले गर्दा दबाब पनि अन्य कलाकारभन्दा उहाँमा बढी छ। गायनमा उहाँको लोकप्रियताको फाइदा फिल्मको व्यापारमा पर्नसक्ने विश्लेषण गरिएको छ। गायकबाट हिरो बनेका अधिकांश असफल रहेको परिपेक्षमा यसमा पनि आफूलाई अपवाद सावित गर्नुपर्ने ठूलो चुनौती उहाँमा छ।

यतिबेला फिल्मको प्रचारका लागि मोफसल दौडाहामा रहनुभएका उहाँले आफूले चुनौती मोलेर 'परदेशी २'मा काम गरेको बताउन भएको छ। उहाँले भन्नुभयो, "गीतसंगीत गर्नु र फिल्ममा अभिनय गर्नु विल्कुलै फरक रहेको पाएँ। चुनौती मोलेर म यो फिल्ममा जोडिएको हुँ।" निर्देशक नारायण रायमाझी र आफू गीतसंगीत पृष्ठभूमिको भएकाले काम गर्न त्यति गाह्रो नभएको अभिनेता सपूतको अनुभव छ।

फिल्मको कथा भन्ने शैली र कथावस्तु अत्यन्तै सरल रहेको उहाँको दाबी छ। अध्ययनका लागि विदेशिने विद्यार्थीको भूमिका निर्वाह गरेका उहाँले परदेश हुँदा घर, साथी, पढाईसँगै काममा हुने भोगाइ र यादहरुलाई फिल्ममा चित्रण गरिएको बताउनु भएको छ। प्रकाशले भन्नुभयो, "हाम्रो घर-समाजमा जे भैरहेको छ त्यसलाई एकदमै राम्ररी प्रस्तुत गर्ने प्रयास गरिएको छ। हामी सबैले भोगेको कथा छ।"

## नेपालबाट मनसुन बाहिरिदै

■ सिन्धुली सौगात

काठमाडौं - नेपालबाट मनसुन बाहिरिने सरदर मिति नजिकिँदै छ। नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ र बाहिरिने सरदर मिति अक्टुबर २ तारिख हो।

तर यस वर्ष सरदर मितिभन्दा एक दिन ढिलो अर्थात जुन १४ तारिख (जेठ ३१ गते) मनसुन नेपाल भित्रिएको थियो। सरदर मिति अनुसार नेपालबाट मनसुन बाहिरिन अब एक हप्ता बाँकी छ। कहिलेकाहिँ सरदर मितिभन्दा दुई-चार दिन ढिलो-चाँडो पनि मनसुन बाहिरिने गर्दछ।

पूर्वी नेपालबाट भित्रिएको मनसुन पश्चिम नेपालबाट बाहिरिन सुरु गर्छ। भारतको राजस्थानबाट भने मनसुनी वायु बाहिरिन सुरु गरिसकेको छ। भारतको मौसम विज्ञान विभागले आज सोमबारदेखि मनसुन बाहिरिन सुरु गर्ने जनाएको छ।

मौसमविद राजु प्रधानाङ्गले भारतबाट मनसुन बाहिरिन सुरु गरिसकेकाले पश्चिम नेपालबाट पनि एक हप्तापछि मनसुन बाहिरिन सुरु हुनसक्ने अनुमान गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "नेपालबाट मनसुन कहिले बाहिरिन्छ भनेर अहिले नै ठ्याक्कै त भन्न सकिँदैन तर भारतको राजस्थानबाट बाहिरिन सुरु गरिसकेकाले नेपालमा पनि एक हप्तापछि सुरु होला भन्ने अनुमान हो।"

मौसमविदहरुका अनुसार मनसुन बाहिरिनका लागि पश्चिमबाट पूर्वतिर हावा बहनुपर्छ अर्थात् पूर्वी वायु (मनसुनी वायु) लाई पश्चिमी वायुले विस्थापित गर्नुपर्छ। र बंगालको खाडीबाट जलवाष्पयुक्त हावा आउनेक्रम रोकिनुपर्छ।

सामान्य हिसाबमा मनसुन बाहिरिन जाडो सुरु हुनुपर्छ। जाडोको वायु पश्चिमबाट चल्छ। काठमाडौं उपत्यकामा बिहानपख जाडो महसुस हुँदै गएको छ। यद्यपि जाडोको वायुका साथै मनसुनका अरु धेरै प्रणालीहरु छन्, ती सबै बाहिरिँदै जानुपर्छ।

स्थानीय वायुको प्रभाव, पश्चिमी वायुको प्रभाव, वायुमण्डलको अवस्था सबै हेरेर मनसुन बहिर्गमनको घोषणा गरिन्छ। तर अहिले मनसुन कमजोर भए पनि बाहिरिने अन्य पूर्वसंकेतहरु देखिएका छैनन्। त्यसैले मौसमविदले मनसुन बहिर्गमनको मितिबारे ठोकुवाका साथ भन्न नसकेका हुन्।

मौसमविद प्रधानाङ्गका अनुसार अहिले मनसुन कमजोर हुँदै गए पनि केही एक-दुई स्थानमा अझै भारी वर्षाको सम्भावना छ। २४ घण्टाको अवधिमा ५० मिलिमिटरसम्म पानी पर्नुलाई भारी वर्षा भनिन्छ।

## खेल समाचार

### पुरस्कार अझै आएन : पौडेल

■ सिन्धुली सौगात

काठमाडौं - नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान रोहितकुमार पौडेलले सरकारले क्रिकेट खेलाडीहरुलाई घोषणा गरेको पुरस्कार रकम अहिलेसम्म पनि हात नपरेको बताउनु भएको छ। एसियाली खेलकुदमा भाग लनि चीन जानुअघि आइतबार काठमाडौंमा बिदाइपछि पत्रकारसित कुरा गर्दै उहाँले भन्नुभयो, "सरकारले घोषणा गरेको रकम कति पटक भनिसकेका छौं, अहिलेसम्म आएको छैन। आउँछ भनेर आशावादी छौं। हेरौं के हुन्छ।"

२८ भदौमा एसियाली खेलकुदमा सहभागी हुन जाने खेलाडीलाई बिदाइ गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २९ भदौमा बस्ने मन्त्रिपरिषद् बैठकले खेलाडीहरुको घोषित पुरस्कार रकम निकासा गर्ने बताउनु भएको थियो। तर पनि अहिलेसम्म पुरस्कार रकम हात नपरेको कप्तान पौडेलले बताउनुभयो।

पछिल्लो ७ महिनामा अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले पाएको सफलतापछि सरकारले क्रिकेट टिमका सदस्यलाई दिने घोषणा गरेको रकम थपिँदै प्रतिव्यक्ति १७ लाख पुगिसक्दा पनि खेलाडीले पाउन सकेका छैनन्।

एसियाली खेलकुदका लागि नेपाली क्रिकेट टोलीले राम्रो तयारी गरिरहेको भन्दै पदक जित्ने नै लक्ष्य रहेको पौडेलले बताउनु भयो। उहाँले भन्नुभयो, "हाम्रो मेन लक्ष्य मेडल जित्नै नै हो। त्यसको लागि जस्तो टिम भए पनि, बलियो वा कमजोर जस्तो भए पनि आफ्नो प्रोसेस हामीले फलो गर्नुपर्छ।"

१३ टिमले भाग लिने पुरुष क्रिकेट टी-२० फर्म्याटमा हुने छ। गत वर्षको अगष्टमा केन्यामा पाँच खेलको टी-२० अन्तर्राष्ट्रिय सिरिज खेलेपछि नेपालले टी-२० फर्म्याटमा खेल्न लागेको यो पहिलो प्रतियोगिता हो।

टी-२० विश्वकप छनोटअघि एसियन गेम्समा टी-२० खेल्न पाएकाले यो निक्कै महत्वपूर्ण हुने उहाँले बताउनु भयो। "वान डे गेम गत वर्षदेखि खेल्दै आएका थियौं," उहाँले भन्नुभयो, "अब टी-२० मा जानुपर्नेछ। हामी टी-२० का लागि तयार छौं।"

नेपालले आगामी नोभेम्बरमा घरेलु मैदानमै हुने टी-२० विश्वकपको छनोट खेल खेल्नुपर्नेछ। टी-२० विश्वकप एसिया छनोटमा नेपाल, यूएई, ओमान, हङकङ, सिंगापुर, बहराइन, मलेसिया र छनोट हुन बाँकी अर्को एक गरी ८ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन्। शीर्ष दुई टोली आगामी वर्ष वेष्टइन्डिज र अमेरिकामा हुने टी-२० विश्वकपमा छनोट हुनेछन्।

अभ्यासका क्रममा चोटग्रस्त बनेपछि ललित राजवंशी टिममा हुनुहुन्न। एक दिवसीय क्रिकेटमा राम्रो बलिङ गर्दै आएका ललितलाई एसियन गेम्समा मिस गर्ने उहाँले बताउनु भयो।

## अन्तर्राष्ट्रिय समाचार

### भारतको विदेशी मद्रा सञ्चिति ४ महिना यताकै न्युन

■ रासस/एएफपी

नयादिल्ली -भारतको विदेशी मुद्रा सञ्चिति ४ महिना यताकै न्युन बिन्दुमा झरेको छ। सेप्टेम्बर १५ मा समाप्त भएको सातामा भारतको विदेशी विनिमय सञ्चिति ८ सय ६० मिलियन अमेरिकी डलरले घटेर ५ सय ९३ दशमलव ०३७ अर्ब डलर पुगेको हो।

दक्षिण एशियाली मुलुकको विदेशी सञ्चिति घटेको यो लगातार दोस्रो साता हो। सेप्टेम्बर ८ मा विदेशी मुद्रा ४ अर्ब ९९ करोड डलरले घटेर ५ सय ९३ दशमलव ९० अर्ब डलर पुगेको थियो। विदेशी मुद्रा सञ्चितिको वर्तमान मूल्य चार महिना यताकै न्युन रहेको बताइएको छ। विश्वव्यापी घटनाक्रमका कारण सञ्चिति घटेको बताइएको छ।

## गृहकार्य नगरी शिक्षा विधेयक ल्याइएको टिप्पणी

■ रासस

काठमाडौं, - राष्ट्रियसभाको दिगो विकास तथा सुशासन समितिमा सरकारले शिक्षा क्षेत्रका सरोकार भएका पक्षसँग पर्याप्त गृहकार्य नगरी विद्यालय शिक्षासम्बन्धी विधेयक ल्याएकामा टिप्पणी गरिएको छ।

आइतवारको बैठकमा समितिका सभापति प्रकाश पन्थले शिक्षा क्षेत्रका सरोकारवाला पक्षसँग छलफलसहित सार्वजनिक शिक्षाको गुणस्तरवृद्धि र संविधानको मौलिक हक कार्यान्वयनका लागि सरकार र सम्बन्धित निकाय सचेत हुनुपर्ने बताउनुभयो।

उहाँले कानुन बनाउनुअघि पर्याप्त गृहकार्य गर्न सरकारसँग आग्रह गर्नुभयो। सदस्य नारायणप्रसाद दाहालले विगतमा पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघसँग विभिन्न सहमति भएकामा त्यसको सम्बोधन नगरी विधेयकको मस्यौदा ल्याइएकाले शिक्षकले सडक आन्दोलन गर्नुपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "सरकार सहमति गर्न अगाडि छ, तर कार्यान्वयनमा भने पछाडि देखिन्छ। कतिपय विधेयकमा के के विषय समावेश हुँदैछ भन्ने कुरा सम्बन्धित मन्त्रीलाई पनि थाहानै हुँदैन। राज्य सञ्चालनको प्रक्रियामै कतै कमी रहेको देखिन्छ।" नेपाली काँग्रेसका सांसद् अनिता देवकोटाले सरकारले शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्ने गरी विधेयक ल्याउनुपर्ने बताउनुभयो।

समितिमा आमन्त्रित निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) का अध्यक्ष डिके ढुङ्गानाले गुणस्तरीय शिक्षाका लागि निजी क्षेत्रको पनि योगदान रहेकाले अभिभावकको रोजाइमा राज्यले हस्तक्षेप गर्न नमिल्ने तर्क गर्नुभयो।

सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुणराज मोक्तानले नीति, निर्माणका तहमा आफ्नो महासंघलाई एक हिस्सेदारका रुपमा राख्न माग गर्नुभयो। नेपाल अभिभावक संघका अध्यक्ष केशव पुरीले राज्यले पूर्णतः निःशुल्क शिक्षा दिन नसक्ने हो भने सामुदायिक विद्यालयले निश्चित शुल्क लिन पाउने प्रबन्ध हुनुपर्नेमा जोड दिनुभयो। नेपाल राष्ट्रिय अभिभावक संघका रामप्रसाद न्यौपानेले राज्यको उच्च तहमा रहेका र कर्मचारीका छोरीछोरीलाई अनिवार्यरुपमा सामुदायिक विद्यालयमा पढाउनुपर्नेमा प्रस्ताव गर्नुभयो।

उच्चमाध्याकि विद्यालय शिक्षक युनियन (हिस्टुन) का अध्यक्ष टीकाप्रसाद न्यौपानले उच्चमावि तहका शिक्षकको दरबन्दी कायम गर्न माग गर्नुभयो। गत भदौ २७ गते प्रतिनिधिसभामा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकमा असन्तुष्टि जनाउँदै महासंघले यही असोज ३ गतेदेखि ५ गतेसम्म काठमाडौं केन्द्रित आन्दोलन गरेपछि असोज ५ गते नेपाल सरकार र आन्दोलनरत महासंघबीच छ बुँदे सहमति भएको थियो।

*सिन्धुली सौगात दैनिक पत्रिका*
अनलाईनबाट हेर्नकालागि
***epaper.sindhulisaugat.com***
खोल्नुहोस्।
हामी नियमित अनलाईनमा पनि छौं। सिन्धुलीको हरेक समाचारसँग अपडेट रहन हाम्रो वेभसाइट
**www.sindhulisaugat.com**
खोल्नुहोस्।

## पूर्वराजा शाह भक्तपुर पुग्दा उर्लियो जनसागर

■ सिन्धुली सौगात

काठमाडौं - पूर्वराजा ज्ञानेन्द्र शाह भक्तपुरवासीको निमन्त्रणामा आइतबार भक्तपुर पुगी तलेजु भवानीलगाय मन्दिरको दर्शनका साथ भक्तपुरबासीसँग अन्तरक्रियासमेत गर्नुभएको छ। पूर्वराजा भक्तपुर पुग्दा उर्लेको जनलहर थाम्न सुरक्षाकर्मी र स्वयंमसेवकलाई हम्मेहम्मे परेको थियो।

पूर्वराजा ज्ञानेन्द्र शाह भक्तपुर पुग्दा नरनारीको भीड लाग्यो। पूर्व राजा शाहको बेलाबेलामा हुने गरेको देशदौडाहाका क्रममा स्वागत गर्नेहरुको भीड त लाग्ने नै गरेको थियो। आइतबार दिउँसो ३ बजे भक्तपुर दरबार स्वायकरमा पूर्व राजा शाह पुग्दा यहाँको भीड थामिनसक्नु थियो। सुरक्षाकर्मी र स्वयमसेवकलाई भीड व्यवस्थान गर्न हम्मे हम्मे परेको थियो।

देशका विभिन्न जिल्लाबाट समेत आइपुगेका पूर्व राजा समर्थकको भीडले राजा आउ देश बचाउ लगायतका नाराबाजी गरेका थिए। हात हातमा देशको झण्डा बोकेका जुनसुकै वर्गका सर्वसाधारण घामको परवाह नगरी घण्टौं लाइनवद्ध भएर पूर्व राजालाई भेट्न कुरी बसेकाहरुले नेताले केही गर्न सकेनन् अब राजा र राजसंस्था चाहिने बताएका छन्।

## यो सरकारलाई टिपेर मिल्काउनुपर्छ : ओली

■ सिन्धुली सौगात

काठमाडौं, - नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अहिलेको सरकारलाई हटाउनुपर्ने बताउनु भएको छ। ओखलढुंगामा आइतबार गुरू लुइँटेल स्मृति पार्क उदघाटन गर्दै अध्यक्ष ओलीले सरकारले जनतालाई नहेरेको बताउनु भयो।

"अहिलेको सरकार बसिरहन हुन्छ ? तपाईंहरू भन्नुस् त, यस्तो सरकार राख्न हुन्छ ?," ओलीले प्रश्न गर्नुभयो, "तपाईं-हामी नेपाली जनताले यो सरकार जुनसुकै तरिकाले भए पनि यसलाई टिपेर मिल्काउनुपर्ने अवस्था आइसक्यो।"

सरकारले जनता नहेरेको तर सुन हेरिरहेको ओलीको आरोप छ। "यति नालायक जनता हेर्दैन, सुनतिर हेर्छ," ओलीले भन्नु भयो।

ब्रेक शुदेखि इलेक्ट्रिक भेपसम्ममा सुन आइरहेको ओलीको भनाइ छ। "बुढाबुढीले आशीर्वाद दिनुहुन्थ्यो- माटो छुँदा अन्नै होस्। ढुंगा छुँदा द्रव्य होस् भनेर अहिले त जे छोयो त्यही सुन," उहाँले भन्नुभयो, "माओवादी नेतृत्वको सरकार। क्रान्तिकारी र परिवर्तनकारी सरकार। कस्तो, भ्रष्टाचारी र तस्करी।"

देशमा हिंसा भड्काउने प्रयास भइरहे पनि सरकार हेरेर बसेको उनको आरोप छ। अहिलेको सरकारले नौ महिनामा केही काम नगरेको ओलीको आरोप छ। "यो सरकारले नौ महिनामा एउटा सिन्को पनि भाँचेन," उहाँले भन्नुभया, "एउटा कानुन बनेको छैन संसदबाट।"

सुन तस्करी रोक्न एमालेले संसदबाट माग गरे पनि त्यसबेला संसद अवरोध गरेर कानुन बनाउन नदिएको भन्ने हल्ला चलाइएको उहाँको भनाइ थियो। प्रधानमन्त्री प्रचण्ड अमेरिका र चीन भ्रमणमा जाँदा संसद रोकिएको उहाँको भनाइ छ।

**घ्याङलेख गाउँपालिकाको कार्यालय**
**हायुटार, सिन्धुलि**
**वोलपत्र स्वीकृत गर्ने आसयको सुचना**
**(सूचना प्रकाशित मिति २०८०/०६/०८)**

यस घ्याङ्लेख गाउँपालिकाको कार्यालय हायुटार सिन्धुलिले निर्धारित मिति भित्र दर्ता भएका दरभाउपत्र दाताहरुले तपसिल बमोजिम कार्य सम्बन्धी दरभाउ पत्र मार्फत आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका दरभाउपत्रहरु मध्ये तपशिलको दरभाउपत्रदाता न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पुर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

***तपसिल***

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | GHRM/Sindhuli/Goods/SQ/02/2080/081 | Procurement of medicines and medical supplies | Medigold International Private Limited Thimi,Kathamandu | Nrs. 9,68,286.12 |

## रोचक प्रसङ्ग

### युवतीले अपनाइन् धनी बन्ने सर्टकट

मानिसहरू धनी हुन कत्तिको मेहनत गर्छन् ? तर एक युवतीले सर्टकट विधि अपनाइन्। मायाको जालमा फसाएर उनी श्रीमती जस्तै बस्न थालिन्। निजी जेटमा यात्रा गर्छिन्, महँगो होटलमा बस्छिन्। मनपर्ने ठाउँमा जान्छ। अर्थात् उनी निकै विलासी जीवन बिताइरहेकी छन्।

यी सबै खर्च राईजादेको खल्तीबाट हुन्छ। सोसल मिडियामा उनलाई कतिपयले ट्रोल गरिरहेका छन्। तर उनले यसको उचित जवाफ दिएकी छन्। सोफियाले भर्खरै आफ्नो धनी प्रेमीसँग विवाह गर्न लागेको खुलासा गरेकी छन्। सोफियाले भनिन, "मान्छेले मेरो बारेमा के सोच्छन् मलाई मतलब छैन। मेरो घृणा गर्नेहरूलाई मेरो सन्देश छ। यदि तपाईलाई म के गरिरहेको छु मन पर्दैन, तर पनि तपाईले म के गरिरहेको हेर्नुहुन्छ, तब तपाई मेरो फ्यान हुनुहुन्छ।" सोफियाले क्याप्सनमा लेखेकी छिन्, "लभ माई घृणा गर्नेहरूलाई।" एउटा भिडियोमा उनी लक्जरी सपिङ सेन्टर र प्राइभेट जेटमा पनि यात्रा गरिरहेको देखिन्छ। उनले टिकटकमा उक्त व्यक्तिको तस्बिर पनि सेयर गरेकी छन्। भिडियोमा सोफियाले अरूलाई पनि त्यस्तै गर्न सल्लाह दिइन्। लेख्छिन्, "मूर्ख नबन, धनीसँग विवाह गर्नुहोस्।"

